# जीतपुरसिमरा उपमहानगरपालिकाको बालगंगा खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्राविधिक प्रतिवेदन

प्रमाणित
जिल्ला अनुगमन समितिको
बैठकमा पेश गर्ने,
२०८१/०२/१३

## प्रतिवेदक

## नदीजन्य पदार्थ नापजाँच गर्न गठित प्राविधिक समिति

जिल्ला समन्वय समिति
कलैया, बारा प्रदेश नं. २
दर्ता ३५६ मिति २०८१/२/१३

## पेश गरिएको निकाय

## जिल्ला अनुगमन समिति

## मार्फत् जिल्ला समन्वय समितिको कार्यालय

## कलैया, बारा

## २०८१ जेष्ठ

# भाग १: परिचय

**पृष्ठभूमि**

बारा जिल्लाको उत्तर पश्चिम क्षेत्रमा अवस्थित देशकै सबैभन्दा कान्छो उपमहानगरपालिका हो जीतपुरसिमरा उपमहानगरपालिका । उत्तरतर्फ चुरे पहाडको उचाइदेखि दक्षिणको समतल मैदानसम्म फैलिएको प्राकृतिक स्रोत साधनले सम्पन्न यस नगरपालिका हुँदै बग्ने विभिन्न खोलाहरुमध्ये बालगंगा एक प्रमुख खोला हो । यो खोलाले प्रत्येक वर्ष वर्षायाममा धेरै मात्रामा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी तथा बालुवा खोलाको माथिल्लो भागबाट बगाएर तल्लो समथर भागमा थुपार्ने गर्दछ । यसले नदी सतह माथि उठ्दै जान्छ । यसलाई हटाई नदीको च्यानललाई व्यवस्थित गरिएन भने खोला अनियन्त्रित भई बाढीले मानव बस्ती, खेतीयोग्य जमिन, वन जंगल कटान, पुल आदिलाई क्षति पुऱ्याउछ। त्यसैले थुप्रिएको यस्ता नदीजन्य पदार्थलाई निकाली खोलालाई प्राकृतिक तथा स्वभाविक बहावमा फर्काउन जरुरी हुन्छ । यसको लागि नगरपालिकाले प्रत्येक वर्ष ठेक्का बन्दोबस्त गर्ने गर्दछ । यसै क्रममा जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा आ व २०८०।८१ को लागि स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार बालगंगा खोला, पसाहा खोला र दुधौरा खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री वितरणका लागि ठेक्का सम्झौता भई नदीजन्य पदार्थ उत्खनन् कार्य कार्य भईरहेकोमा मिति २०८० जेष्ठ ०३ गते जिल्ला अनुगमन समितिको संयोजक तथा जिल्ला समन्वय समिति बाराका प्रमुख श्री नरेन्द्र कुमार साहज्यूको नेतृत्वमा जिल्ला अनुगमन समितिद्वारा स्थलत अनुगमन भई जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०३ गतेकै निर्णयानुसार (निर्णय नं १) मापदण्ड विपरीत उत्खनन् गरेको पाइएकोले तत्कालको लागि उत्खनन् कार्य रोक्का गरिएको हो । सोही बैठकको निर्णय नं ३ अनुसार बालगंगा खोलाबाट उत्खनन् भएको नदीजन्य पर्दाथको परिमाण नापजाँच गर्न पूर्वाधार विकास कार्यालय बाराका ईन्जिनियर श्री राजेश प्रसाद चौधरीको संयोजकत्वमा एक प्राविधिक समिति गठन भएको छ । यस प्रकार नापजाँच गरी उक्त खोलाबाट हालसम्म भएको उत्खनन् परिमाण, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र सम्झौताका शर्त तथा मापदण्ड पालना भए नभएको सम्बन्धमा स्थलगत नापजाँच तथा अनुगमन गरी जिल्ला अनुगमन समितिमा पेश गर्न यो प्रतिवेदन तयार गरिएको हो ।

CamScanner

## प्राविधिक समिति गठन

बालगंगा खोलामा उत्खनन् भएको नदीजन्य पदार्थको परिमाण नापजाँच गर्न, ठेक्का सम्झौता शर्त र स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पालना भए नभएको सम्वन्धमा जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०३ गतेको वैठकको निर्णय नं ३ अनुसार देहायका सदस्यहरु रहने गरी एक प्राविधिक समिति गठन भएको छ ।

१. ईन्जिनियर श्री म. सकुर अन्सारी, पूर्वाधार विकास कार्यालय, बारा — संयोजक
२. जि स अ श्री आमोद चौधरी, जिल्ला समन्वय समितिको कार्यालय, बारा — सदस्य
३. ईन्जिनियर श्री सञ्जीव रुपाखेती, जीतपुरसिमरा उपमहानगरपालिका, जीतपुर — सदस्य
४. वनअधिकृत श्री जवाहर प्रसाद कुर्मी, डिभिजन वन कार्यालय, सिमरा — सदस्य

निर्णय नं. २

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री वितरणका लागि जीतपुरसिमरा उपमहानगरपालिका द्वारा ठेक्का सम्झौता भएका पसाहा खोला र दुधौरा खोलाहरुबाट भएको उत्खननको सम्वन्धित नगरपालिकाको प्राविधिक टोलीद्वारा नापजाँच तथा बिक्री रसिद लगायत उपलब्ध कागजातका आधारमा यकिन गरि उक्त खोलाहरुबाट हालसम्म भएको उत्खननको परिमाण, समझौता सर्त र मापदण्ड पालना भए/नभएको अवस्था सहितको प्रतिवेदन ३ दिन भित्र जिल्ला अनुगमन समितिलाई पठाउन जीतपुरसिमरा उपमहानगरपालिकालाई लेखि पठाउने निर्णय गरियो।

निर्णय नं. ३

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री वितरणका लागि जीतपुरसिमरा उपमहानगरपालिका द्वारा ठेक्का सम्झौता भएको बालगँगा खोलाबाट भएको उत्खनन नापजाँच गर्न तपसिल बमोजिम प्राविधिक समिति गठन गर्ने । उक्त समितिले नापजाँच गरी खोलाहरुबाट हालसम्म भएको उत्खननको परिमाण, सम्झौता शर्त र मापदण्ड पालनाको अवस्था सहितको प्रतिवेदन ३ दिन भित्र जिल्ला अनुगमन समितिलाई पठाउने निर्णय गरियो।

तपसिलः-

| | |
|---|---|
| क. ईन्जिनियर, पुर्वाधार विकास कार्यालय, बारा | संयोजक |
| ख. ईन्जिनियर, सम्वन्धित नगरपालिका, बारा | सदस्य |
| ग. प्रतिनिधि, डिभिजन वन कार्यालय, सिमरा, बारा | सदस्य |
| घ. प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय, बारा | सदस्य |

निर्णय नं. ४

उपर्युक्त कार्यहरु गर्न गराउन आवश्यक पर्ने सहयोग जिल्ला अनुगमन समिति र सुरक्षा निकायबाट उपलब्ध गराउने निर्णय गरियो ।

## प्रतिवेदनको उद्देश्य

जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा ठेक्का सम्झौता भई वालगंगा खोलाबाट मिति २०८०।१०।१० गतेदेखि २०८१।०२।०२ गतेसम्म उत्खनन् भएको नदीजन्य पदार्थको परिमाण नापजाँच गरी स्विकृत वातावरणीय परीक्षण प्रतिवेदन र सम्झौता शर्त तथा मापदण्ड पालनाको अवस्था सहितको प्रतिवेदन जिल्ला अनुगमन समितिलाई पेश गर्ने ।

## प्रतिवेदन तयारी गर्न अपनाइएको विधि तथा उपकरण

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने वालगंगा खोलाबाट उत्खनन् गरिएको नदीजन्य पदार्थको परिमाण यकिन गर्ने सम्वन्धमा समितिका सबै सदस्यहरुको प्रत्यक्ष उपस्थितिमा उत्खनन गरिएको क्षेत्रको स्थलगत अवलोकन, नापजाँच, स्थानीय व्यक्तिहरुसँग सोधपुछ, ठेक्का सम्झौता र शर्त, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा अन्य कागजातवाट प्राप्त सूचना तथा जानकारीको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । नापजाँचको क्रममा लम्वाई तथा चौडाई मापन गर्न मेजरिङ हिल, गहिराई मापन गर्न मेजरिङ टेप, GPS Location पता लगाउन Etrex 10 Garmin GPS Device प्रयोग गरिएको छ भने चौडाई र गहिराई औषत लिइएको छ ।



## भाग २: नापजाँच तथा मापदण्ड पालना प्रतिवेदन

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने बालगंगा खोलामा उत्खनन् भएको नदीजन्य पदार्थको परिमाण नापजाँच गर्न, ठेक्का सम्झौता शर्त र स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पालना भए नभएको सम्बन्धमा प्रतिवेदन पेश गर्न जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०३ गतेको बैठकको निर्णयानुसार पूर्वाधार विकास कार्यालयका ईन्जिनियर श्री म. सकुर अन्सारीज्युको संयोजकत्वमा प्राविधिक समिति गठन भई उक्त समितिले मिति २०८१।०२।०४ देखि २०८१।०२।११ गतेसम्म समितिका सदस्यहरुको प्रत्यक्ष उपस्थितिमा बालगंगा खोलाको उत्खनन् क्षेत्रको नापजाँच तथा स्थलगत अनुगमन गरी तपसिल बमोजिम हालसम्म भएको उत्खनन् परिमाण, ठेक्का सम्झौता, स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र मापदण्ड पालनाको अवस्थासहितको विवरण प्रस्तुत गरिएको छ ।

| S.N. | Description | GPS Coordinate | No. | Length | Width | Depth | Quantity | Unit | Remark |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Before 1st Plot or highway Plot or Illegal Extraction from Forest Area | | | | | | | | वन क्षेत्रबाट भएको अनधिकृत उत्खनन परिमाण |
| | | 45R 305437E/ 3007402N | 1.00 | 50.00 | 34.25 | 3.00 | 5,137.50 | | |
| | | | 1.00 | 50.00 | 68.25 | 3.00 | 10,237.50 | | |
| | | | 1.00 | 50.00 | 98.00 | 3.50 | 17,150.00 | | |
| | | | 1.00 | 50.00 | 109.50 | 3.00 | 16,425.00 | | |
| | | | 1.00 | 50.00 | 91.00 | 3.00 | 13,650.00 | | |
| | | | 1.00 | 50.00 | 63.00 | 3.00 | 9,450.00 | | |
| | | 45R 305507E/3007043N | 1.00 | 50.00 | 49.00 | 3.00 | 7,350.00 | | |
| | | | 1.00 | 29.00 | 49.50 | 3.00 | 4,306.50 | | |
| | | Sub Total | | | | | 83,706.50 | Cum | |
| | | **Illegal Extraction from Forest Area** | | | | | **83,706.50** | **Cum** | |



CamScanner

| S.N. | Description | GPS Coordinate | No. | Length | Width | Depth | Quantity | Unit | Remark |
|---|---|---|---|---|---|---|---|---|---|
| 2 | start point of 1st plot (Highway plot) | 45R 305507E/3006774N | 1.00 | 50.00 | 55.50 | 0.90 | 2,497.50 | | पहिलो प्लटबाट भएको उत्खनन परिमाण |
| | 1ST Plot | | 1.00 | 46.00 | 50.00 | 0.90 | 2,070.00 | | |
| | | | 1.00 | 50.00 | 58.00 | 4.00 | 11,600.00 | | |
| | | | 1.00 | 50.00 | 66.00 | 4.00 | 13,200.00 | | |
| | | | 1.00 | 50.00 | 52.50 | 2.50 | 6,562.50 | | |
| | End point of highway plot | 45R 305593E/3006774N | 1.00 | 50.00 | 19.50 | 2.00 | 1,950.00 | | |
| | | Sub Total | | | | | 37,880.00 | Cum | |
| | | | | | | | | | |
| | | Given Quantity to be extracted from Plot 1 (Highway Plot) | | | | | 9,600.00 | Cum | |
| | | **Illegal Extraction from Plot 1 (Highway Plot)** | | | | | **28,280.00** | **Cum** | |



CamScanner

| S.N. | Description | GPS Coordinate | No. | Length | Width | Depth | Quantity | Unit | Remark |
|---|---|---|---|---|---|---|---|---|---|
| 3 | End of 1st Plot | 45R 305593E/3006774N | 1.00 | 50.00 | 21.00 | 0.90 | 945.00 | | |
| | Illegal Location/ Before 2nd plot | | 1.00 | 50.00 | 22.00 | 2.10 | 2,310.00 | | |
| | | | 1.00 | 50.00 | 26.00 | 2.10 | 2,730.00 | | |
| | | | 1.00 | 50.00 | 28.00 | 3.00 | 4,200.00 | | |
| | | | 1.00 | 50.00 | 15.00 | 2.40 | 1,800.00 | | |
| | | | 1.00 | 23.00 | 7.50 | 1.80 | 310.50 | | |
| | | 45R 305479E/3006370N | 1.00 | 56.00 | 20.00 | 4.00 | 4,480.00 | | प्लट भन्दा बाहिर भएको अवैध उत्खनन |
| | | | 1.00 | 74.00 | 20.00 | 4.00 | 5,920.00 | | |
| | | | 1.00 | 50.00 | 35.00 | 4.00 | 7,000.00 | | |
| | | | 1.00 | 50.00 | 33.00 | 4.00 | 6,600.00 | | |
| | | | 1.00 | 50.00 | 32.00 | 4.00 | 6,400.00 | | |
| | | | 1.00 | 50.00 | 31.00 | 4.00 | 6,200.00 | | |
| | Start of 2nd Plot | 45R 305409E/30066036N | 1.00 | 23.00 | 27.00 | 4.00 | 2,484.00 | | |
| | | Sub Total | | | | | 51,379.50 | Cum | |
| | | **Illegal Extraction from Plot 1 (Highway Plot)** | | | | | **51,379.50** | **Cum** | |



CamScanner

| S.N. | Description | GPS Coordinate | No. | Length | Width | Depth | Quantity | Unit | Remark |
|---|---|---|---|---|---|---|---|---|---|
| 4 | 2nd Plot | 45R 305409E/30066036N | 1.00 | 50.00 | 29.00 | 4.00 | 5,800.00 | | दोश्रो प्लटबाट भएको उत्खनन परिमाण |
| | | | 1.00 | 50.00 | 30.00 | 1.50 | 2,250.00 | | |
| | | | 1.00 | 50.00 | 32.00 | 1.80 | 2,880.00 | | |
| | | | 1.00 | 50.00 | 35.00 | 1.60 | 2,800.00 | | |
| | | | 1.00 | 100.00 | 32.00 | 1.65 | 5,280.00 | | |
| | | | 1.00 | 100.00 | 44.00 | 1.60 | 7,040.00 | | |
| | | | 1.00 | 146.00 | 42.00 | 1.40 | 8,584.80 | | |
| | | | 1.00 | 100.00 | 35.00 | 1.20 | 4,200.00 | | |
| | | | 1.00 | 130.00 | 50.00 | 1.20 | 7,800.00 | | |
| | | | 1.00 | 70.00 | 42.00 | 0.90 | 2,646.00 | | |
| | | Sub Total | | | | | 49,280.80 | Cum | |
| | | Given Quantity to be extracted from Plot 2 (Suklaiya Plot) | | | | | 65,600.00 | Cum | |
| | | **Quantity to be extracted from Plot 2** | | | | | **16,319.20** | **Cum** | |

| | | | |
|---|---|---|---|
| १ | कुल परिमाण उत्खनन गरीएको : | 222,246.80 | घन मि |
| २ | बन क्षेत्रबाट भएको अवैध उत्खनन परिमाण : | 135,086.00 | घन मि |
| ३ | पहिलो प्लटबाट ९६०० घन मि उत्खनन गर्न पर्नेमा भएको अवैध उत्खनन : | 28,280.00 | घन मि |

CamScanner

बालगंगा खोलाको स्विकृत प्रारम्भिक वातावरण परिक्षण क्षेत्रभन्दा बाहिरको उत्खनन क्षेत्र न १




अवैध उत्खनन् क्षेत्र न १




अवैध उत्खनन् क्षेत्र न २




अवैध उत्खनन् क्षेत्र न १




अवैध उत्खनन क्षेत्र न २

## फाईल फोटोहरु






BHCraw

## भाग ३: तथ्याङ्क र सूचना विश्लेषण

उपर्युक्त तथ्याङ्क र स्थलगत अवलोकन, सम्झौता शर्त र मापदण्ड तथा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई विश्लेषण गर्दा जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा ठेक्का सम्झौता भएको बालगंगा खोलाबाट उत्खनन् भएको परिमाणको सम्वन्धमा देहाय वमोजिम रहेको देखिन्छ।

- ठेकेदार/निर्माण व्यावसायीद्वारा नदीजन्य पदार्थ उत्खनन् गर्दा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदन, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७९, ठेक्का सम्झौता र मापदण्डको पूर्ण पालना गरेको देखिदैन ।
- उत्खनन् गर्दा नगरपालिकाद्वारा रेखाङ्कन गरिएको घाट क्षेत्रभित्रबाट मात्र उत्खनन् गर्नुपर्नेमा अन्य बाहिरी क्षेत्रबाट पनि उत्खनन् गरेको देखिन्छ ।
- वातावरण अध्ययन प्रतिवेदन (IEE) ले तोकेको क्षेत्रभन्दा बाहिर अर्थात पहिलो हाईवे प्लट भन्दा उत्तर तर्फको वन क्षेत्रबाट कुल ८३,७०६।५० घन मि अवैध उत्खनन भएको पाईएको छ । प्राबिधिक प्रतिवेदनको क्र स १ मा दिईएको जि पि एस कोअरडिनेट बमोजिम बन क्षेत्रबाट अवैध उत्खनन भएको पाईएको छ ।
- वातावरण अध्ययन प्रतिवेदन (IEE) ले दिएको पहिलो हाइवे प्लटबाट ९,६००।०० घन मि उत्खनन गर्नुपर्नेमा ३७,८८०।०० घन मि उत्खनन गरेको पाईएको छ । हाईवे प्लटबाट IEE ले दिएको परिमाण भन्दा २८,२८०।८० घन मि बढी अवैध उत्खनन भएको पाईएको छ ।
- प्राबिधिक परिमाण मापन टेवलको क्र स ३ मा दिईएको जि पि एस कोअरडिनेट बमोजिमको स्थान वातावरण अध्ययन प्रतिवेदनले दिईएको प्लट भन्दा बाहिर गएर कुल ६२६ मिटर लम्बाईमा ५१,३७९।५० घन मि अवैध उत्खनन बन क्षेत्रबाट भएको पाईएको छ ।
- साथै वातावरण अध्ययन प्रतिवेदन (IEE) ले दिएको दोश्रो प्लटबाट ६५,६००।०० घन मिटर उत्खनन गर्न पर्नेमा हालसम्म ४९,२८०।८० घन मि उत्खनन भएको पाईएको छ ।

उत्खनन् परिमाण विवरण

| | | |
|---|---|---|
| प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम उत्खनन गर्नुपर्ने परिमाण | ७५,२००।०० | घन मि |
| कुल उत्खनन् गरिएको परिमाण | २,२२,२४६।८० | घन मि |
| वन क्षेत्रबाट भएको अवैध उत्खननको कूल परिमाण | १,३५,०८६।६६ | घन मि |
| पहिलो प्लटबाट भएको अवैध उत्खनन् परिमाण | २८,२८०।०० | घन मि |
| पहिलो र दोस्रो प्लट बिच उत्खनन् भएको अवैध परिमाण | ५१,३७९।५० | घन मि |
| दोस्रो प्लटमा ६५६०० घन मि उत्खनन् गर्नुपर्नेमा हालसम्म उत्खनन् गरिएको कूल परिमाण | ४९२८०।८० | घन मि |
| सम्झौता भन्दा बढी उत्खनन् गरिएको कूल परिमाण | १४७०४६।८० | घन मि |
| जम्मा उत्खनन् गरिएको अवैध परिमाण (वनक्षेत्र+प्लटबाहिर गरी) | १६३३६६।०० | घन मि |

- स्वीकृत IEE प्रतिवेदन अनुसार बालगंगा खोलाबाट बार्षिक जम्मा ७५,२००।०० घनमिटर नदीजन्य पदार्थ उत्खनन् गर्न जीतपुरसिमरा उपमहानगरपालिका र जय मातादी कन्स्ट्रक्सन, कलैया-०१ बिच सम्झौता भएकोमा हालसम्म जम्मा २,२२,२४६।८० घनमिटर उत्खनन् भईसकेको देखिन्छ।
- उत्खनन् गरिसकेपछि काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याएको देखिदैन । प्लट नं २ सुक्लैया प्लटमा अधिकांश स्थानमा च्यानालाइजेशन नगरी ठाउँ ठाउँबाट उत्खनन् गरी पोखरी जस्तो बनाएको देखिन्छ ।

- अधिकांश स्थानमा तोकिएको गहिराई भन्दा बढी खाडल हुने गरी उत्खनन् गरेको देखिन्छ।
- पूर्व पश्चिम लोकमार्ग सडक खण्डमा पर्ने बालगंगा पूलदेखि दक्षिण १ कि मि तलदेखि उत्खनन् गर्नुपर्ने क्षेत्र तोकिएको भए तापनि ठेकेदारद्वारा पुलदेखि दक्षिण करिब ४०० मि को दुरीदेखि नै उत्खनन् गरेको देखिन्छ ।
- उत्खनन् गरिएका नदीजन्य पदार्थहरु सम्झौता बमोजिम घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र बिक्री वितरण गर्नुपर्नेमा सोको पालना नगरेको देखिन्छ ।
- वातावरणिय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको अनुसुचि १३ बमोजिमको पटके प्रवेश आदेशको प्रयोग नभएको पाईयो ।
- नदिको उत्खनन स्थलमा उत्खनन कर्ताले अनुसुचि १४ बमोजिमको नाका नाकामा उत्खननकर्ताले राख्न पर्ने दैनिक उत्खनन अभिलेख नराखीएको पाईयो ।
- वातावरण अध्ययन प्रतिवेदनले तोकेका नाकाहरुमा उत्खननकर्ताले अनुसुचि १५ बमोजिमको दैनिक पटके बिक्रि वा ढुवानी अभिलेख तेरीज प्रयोग नगरीएको पाईयो।
- नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्ने सम्बन्धमा जिल्ला अनुगमन समितिले दिएका निर्देशनहरुको पालना भएको देखिदैन ।
- समग्रमा वातावरण अध्ययन प्रतिवेदनले दिएको अनुसुचि १६ बमोजिमका चेक लिष्टमा भएको विवरणहरु बमोजिम उत्खनन नभएको पाईयो ।

## भाग ४: सुझावहरु

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने बालगंगा खोलामा सञ्चित नदीजन्य पदार्थलाई हटाई खोलाको च्यानललाई व्यवस्थित गरी बाढी पहिरोबाट मानव बस्ती, खेतीयोग्य जमिन, वन जंगल, पुल आदिलाई क्षति हुनबाट जोगाउन तथा नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्रीवितरण कार्यलाई व्यवस्थित गरी खोलालाई स्वभाविक वा प्राकृतिक बहावमा फर्काउन देहायअनुसार सुझाव दिन उपयुक्त देखिन्छ ।

- नदीजन्य पदार्थ उत्खनन् गर्दा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदन, ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९, ठेक्का सम्झौता र मापदण्डको पूर्ण पालना गर्नुपर्ने ।
- उत्खनन् गर्दा नगरपालिकाद्वारा रेखाङ्कन गरिएको घाट क्षेत्रभित्रबाट मात्र उत्खनन् गर्नुपर्ने ।
- उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्ने तर मेशिनको प्रयोग गर्नुपर्ने भएमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सिमाभित्र रहेर गर्नुपर्ने ।
- उत्खनन् गरिसकेपछि काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्ने । खोलाको धार परिवर्तन हुने गरी उत्खनन् गर्न रोक लगाउनुपर्ने।
- उत्खनन् गर्दा खोलाको दुवै किनाराबाट एक/एक तिहाई भाग छाडी बिचको एक तिहाई भागबाट मात्र उत्खनन् गर्नुपर्ने ।
- उत्खनन् गर्दा तोकिएको गहिराई भन्दा बढी खाडल नहुने गरी उत्खनन् गर्नुपर्ने ।
- ठेक्का सम्झौता अनुसार उत्खनन् कार्यको अवधिसम्म समय समयमा सम्वन्धित स्थानीय तहको पालिकास्तरीय अनुगमन समिद्वारा अनुगमन गर्नुपर्ने ।
- उत्खनन् र संकलन गर्दा जिल्ला अनुगमन समिति तथा नगर अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नुपर्ने ।

- उत्खनन् गर्दा नजिक रहेको वन तथा खोला किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँध, पुलमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्ने ।
- उत्खनन् गरिएका नदीजन्य पदार्थहरु घाटगद्दी गरी मात्र बिक्री वितरण गर्नुपर्ने शर्तलाई अनिवार्य कार्यान्वय गर्नुपर्ने ।
- ठेक्का सम्झौता बमोजिम बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नुपर्ने ।
- नदीजन्य पदार्थ उत्खनन् गरिसकेपछि कतिपय स्थानमा उत्खनन् गरिएको ठाउँ पुरिएको, मिलाइएको, पानी जमेको स्थलगत नापजाँचको क्रममा देखिएकोले आगामी दिनमा नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि खोला ठेक्का लगाउँदा Online Billing लाई अनिवार्य गर्नुपर्ने ।

## सिफारिसहरु:

- बाल गंगा खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरणका लागि जीतपुरसिमरा उपमहानगरपालिका र जय मातादी कन्स्ट्रशन, कलैया-०१ बिच भएको सम्झौता बमोजिम वार्षिक अधिकतम जम्मा ७५२००।०० घन मि परिमाण उत्खनन् गर्नुपर्नेमा कूल जम्मा २,२२,२४६।८० घन मि परिमाण उत्खनन् भैसकेको देखिन्छ भने १६३३६६।०० घन मि (वन क्षेत्र र प्लटबाहिर) परिमाण अवैध रुपमा बढी उत्खनन् भएको देखिएकोले उत्खनन् कार्य तत्काल रोकी प्रचलित कानूनबमोजिम कारवाही गर्न सम्बन्धित निकायहरुलाई सिफारिस गर्ने ।
- नदीमा गरिएको नापजाँचहरु नै यस प्रतिवेदनको मुख्य तथ्यांकहरु भएको र सो नदीमा आउने बाढीले सो प्रमाणहरु नष्ट हुन सक्ने सम्भावना अधिक रहेकोले नदीमा भएका अवैध उत्खननका प्रमाणहरु हराउन नदिनका लागि तथ्यांक राखी आवश्यक पहल गरिनु पर्ने ।

# प्रतिवेदक

| सि नं | नाम, थर | पद | कार्यालय | जिम्मेवारी | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री म. सकुर अन्सारी | ईन्जिनियर | पूर्वाधार विकास कार्यालय, बारा | संयोजक | |
| २ | श्री आमोद चौधरी | जि स अ | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य | |
| ३ | श्री सञ्जीव रुपाखेती | ईन्जिनियर | जीतपुरसिमरा उपमहानगरपालिका | सदस्य | |
| ४ | श्री जवाहर प्रसाद कुर्मी | वन अधिकृत | डिभिजन वन कार्यालय, सिमरा | सदस्य | |
| आमन्त्रितः | | | | | |
| १ | श्री नेपाली साह | वन अधिकृत | हलखोरिया सब डिभिजन वन कार्यालय, डुमरवाना | | |
| २ | श्री प्रशान्त झा | सब ईन्जिनियर | जीतपुरसिमरा उपमहानगरपालिका | | |
| ३ | श्री भगवान प्र यादव | वनपाले | हलखोरिया सब डिभिजन वन कार्यालय, डुमरवाना | | |
| ४ | श्री विनोद यादव | का स | जिल्ला समन्वय समिति | | |
| ५ | श्री रामदेव सहनी | ह स चा | जिल्ला समन्वय समिति | | |



CamScanner

आज मिति २०८१।०२।१३ गते आइतबार बिहान ८:३० बजे जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा नदीजन्य पदार्थ उत्खनन्, संकलन र बिक्री बितरणका लागि ठेका सम्झौता भएको बालगंगा खोलाको स्थलगत नापजाँच समितिको बैठक समितिका संयोजक श्री म.सकुर अन्सारीको अध्यक्षतामा देहाय बमोजिमको पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति:**

१. इन्जिनियर श्री म. सकुर अन्सारी, पूर्वाधार विकास कार्यालय, बारा — संयोजक

२. जिसअ श्री आमोदचौधरी, जिल्ला समन्वय समितिको कार्यालय, बारा — सदस्य

३. इन्जिनियर श्री सञ्जीव रुपाखेती, जीतपुरसिमरा उपमहानगरपालिका, बारा — सदस्य

४. बनअधिकृत श्री जवाहर प्रसाद कुर्मी, डिभिजन बन कार्यालय, सिमरा — सदस्य

**आमन्त्रित:**

१. श्री नेपाली साह, बन अधिकृत,हलखोरिया सब डिभिजन बन कार्यालय, डुमरवाना

२. श्री प्रशान्त झा, सब ईन्जिनियर,जीतपुरसिमरा उपमहानगरपालिका

३. श्री भगवान यादव,बन रक्षक,हलखोरिया सब डिभिजन बन कार्यालय, डुमरवाना

४. श्री विनोद यादव, जिल्ला समन्वय समितिको कार्यालय, बारा

५. श्री रामदेव सहनी, जिल्ला समन्वय समितिको कार्यालय, बारा

**निर्णय नं.: १**

श्री जिल्ला अनुगमन समितिको मिति २०८१।०२।०३ गतेको निर्णयानुसार यस जिल्ला अन्तर्गत जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा ठेक्का सम्झौता भई नदीजन्य पदार्थ उत्खनन्, संकलन र ढुवानी भईरहेका बालगंगा खोलाको यस प्राविधिक समितिद्वारा स्थलगत अनुगमन गरी उत्खनन् परिमाण नापजाँच गरियो । स्थलगत नापजाँच, ठेक्का सम्झौता र स्विकृत IEE प्रतिवेदन समेतका आधारमा हालसम्म भएको उत्खनन् परिमाण, मापदण्ड पालना सहितको प्रतिवेदन पाना थान-२४ जिल्ला अनुगमन समितिमा पेश गर्ने निर्णय गरियो ।

CamScanner